## साँझपख चाबेलतिर

-अविनाश भट्टराई

साँझपख चाबेलतिर यसो टहलिन्छु
देख्छु कति सजिव चित्रहरु
जसले मेरो बेखबर छाती छोएर जान्छन्
छेवैबाट
चोक वरपरको वेश्या रातले
यी आँखाहरु बलात्करिन्छन्
एक हुल रातका राजकुमारीहरु
खेल्छन् यी आँखाका नानीमा
तिनीहरुको रातो 'लिपिस्टिक'ले
टल्किन्छ एकमुठी रात
त्यही प्रकाशमा खोज्छन् तिनीहरु
एक दुई मुठी चामल ।

साँझपख चाबेलतिर
'रेस्टुरेन्ट'को आँगनमा
चारपाँचजना युवक
भर्छन् र रित्याउँछन् काँचका गिलासहरु
अनि राखेर पछिल्तिर एक एक नक्कलीहरु
मोटरसाईकल हुँईक्याउँछन्
त्यो देखेर घरको कौसीमा बसेको
एक अधबैसें मानिस
घुटुक्क थुक निल्छ
र चित्त बुझाउँछ हेरेर
तल सडकमा स्कुटर चलाउने युवतीको
हल्लिरहेका स्तनहरु ।

कार्यलय सकिनासाथ
एउटा नकचरो लोग्ने
पस्छ डिस्कोबार
दिनभरि घोटाला गरेको हजार हजार
सिध्याउँछ आधारातसम्म
उता खाना कुरेर बसेकी पतिव्रता
ठान्छे अबेरसम्म 'मिटिङ' भएछ ।

चाबेलभित्र कपनतिर
शेर्पिनी दिदीको भट्टीमा
रामे र चामे तान्छन् आँखा चिम्लेर
र झोक्राउँछन् हेरेर
आधा रितिएको गिलासमा

आफ्नो प्रतिबिम्ब

शेर्पिनी दिदी मुस्काउँछिन्

अनि थपिदिन्छिन् अझै अर्को बोतल ।

साँझ तरुनी भएपछि

कपन साततलेतिर

फर्किन्छन् पसिनाले निथ्रुक्क भरिया दाई

साहुको भारी पुर्याएर

सोच्छन् रु. १५ को एउटा चाउचाउ किनुँ

अघि साहुले दिएको ज्याला राख्न

फुकाउँछन् कालो मैलो थैली

दुईजना गजेडीहरु खोसेर भाग्छन् उस्को थैली

त्यो गल्लीको कुनामा

बिलौना गारिरहन्छन्

झारेर आँशु हो कि पसिना

पसिना हो कि रगत

कठैबरा भरिया दाई !

बडहरामाल-२, सिरहा
सम्पर्क- ९८४९५७९२५८